का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ फागुन २०८०,
बुधबार
28 February 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




डोरी टाँगेर नागरिकलाई हिँडडुल गर्न रोकिएको नयाँ बानेश्वरस्थित संसद भवन परिसरसँगैको फुटपाथ ।

### निषेधात्मक व्यवस्थामा कडाइ

# डोरी टाँगेर सिंहदरबारको सुरक्षा

लघुवित्त पीडितहरु सुरक्षा घेरा तोडेर संसद भवन परिसर प्रवेश गरेपछि उत्पन्न चुनौतीको सामना गर्न भन्दै सरकारले मंगलबार सिंहदरबार र संसद भवनमा चारैतिर डोरी टाँगेर नागरिकहरुलाई फुटपाथमा हिँडडुल गर्नसमेत रोक लगायो । यसलाई कतिपयले नागरिकसँग सरकार डराएको रुपमा ब्यंग्य गरेका छन् ।

**शिव विक / मध्यान्ह**
काठमाडौं, १५ फागुन ।

सरकारले सिंहदरबार र नयाँ वानेश्वर स्थित संसद भवन परिसरसँगैको फुटपाथमा नागरिकलाई हिँडडल गर्न समेत रोक लगाएको छ । लघुवित्त पीडितहरु सुरक्षा घेरा तोडेर संसद भवन परिसर प्रवेश गरेपछि उत्पन्न चुनौतीको सामना गर्न भन्दै सरकारले मंगलबार सिंहदरबार र संसद भवनमा चारै तिर डोरी टाँगेर नागरिकहरुलाई फुटपाथमा हिँडडुल गर्न समेत रोक लगाएको हो । यसलाइ कतिपयले नागरिकसँग सरकार डराएको रुपमा ब्यंग्य गरेका छन् ।

सोमबार संसद बैठक चलिरहेका लघुवित्त पीडितहरु संसद भवन परिसर प्रवेश गरेका थिए । सुरक्षा घेरा तोडेर उनीहरु संसद भवनको मूल ढोकासम्मै पुगेपछि संसद भवन र सिंहदरवारको सुरक्षाको विषयमा गम्भीर प्रश्न उठेको भनी सरकारको आलोचना भएको थियो । त्यसलाई मथ्थर पार्न सरकारले सोमबार नै तीन वटै सुरक्षा निकायसँग छलफल गरेको थियो । सोमबार सुरक्षामा खटिएका प्रहरीलाई हटाएर नयाँ प्रहरीलाई जिम्मेवारी दिइएको थियो । नयाँ टोलीले मंगलबार बिहानै संसद भवन र सिंहदरबारमा डोरी टाँगेर निषेधित क्षेत्र लोखिएको प्ले कार्ड राखेका हुन् ।

सरकारको यस्तो कदमको चौतर्फी आलोचना भएको छ । आलोचनापछि मंगलबार साँझ डोरी टाँगिएको स्थलमा नागरिकहरु हिँडडुल गर्न पाएका थिए । सुरक्षा निकायका अधिकारीहरुका अनुसार हिँडडुल गर्न दिइएतापनि सिंहदरबार र नयाँ वानेश्वर स्थित संसद भवन परिसारको फुटपाथ आसपासमा प्रदर्शन गर्न दिइने छैन ।

यो लगायत सरकारले काठमाडौंमा विभिन्न क्षेत्रमा निषेधाज्ञा कायमै राखेको छ । सरकारको पछिल्लो समयमो निर्णय अनुसार माइतीघर मण्डलमा प्रदर्शन गर्न पाइँदैन । यो क्षेत्रमा स्थानीय प्रशासनले गत ५ मंसिरदेखि रोक लगाएको हो । गत ७ मंसिरमा दुर्गा प्रसाईंको नेतृत्वको समूह र त्यसको प्रतिवादमा एमाले निकट राष्ट्रिय युवा संघले माइतीघर मण्डलमै प्रदर्शनको मिति तोकेपछि सरकारले निषेधित क्षेत्र घोषणा गरेको थियो । त्यसयता यो क्षेत्र नागरिकका लागि विरोधका आवाज राख्न पाउने गरी खुला भएको छैन । यही बेला सरकारले डोरी टाँगेर थप सुरक्षाको व्यवस्था मिलाएको जनाएको छ ।

# बैठक माओवादीको चर्चा कांग्रेसको

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १५ फागुन ।

नेकपा माओवादी केन्द्रको स्थायी कमिटीको बैठक मंगलबार पार्टीको केन्द्रीय कार्यालय पेरिसडाँडामा बस्यो । बैठकको एजेण्डा थियो - प्रदेशमा नेताहरुको जिम्मेवारी हेरफेर र पार्टीले आगामी चैत / वैशाखमा सञ्चालन गर्ने तय भएको अभियान । अभियानको तयारीका लागि खाका बनाउन बसेको बैठकमा यो भन्दा ज्यादा नेपाली कांग्रेसको महासमितिको बैठकमा भएको छलफलले प्राथमिकता पाएको थियो ।

नेताहरुका अनुसार प्रमुख सत्ता घटक कांग्रेसको महासमिति बैठकमा भएको छलफल र त्यसक्रममा व्यक्त कांग्रेस नेताहरुको बिचार माओवादीको स्थायी समितिको बैठकमा अघोषित रुपमै मुख्य एजेण्डा बन्न पुगेको हो । दीर्घकालीन सम्बन्धको विषय भएकाले यो स्वभाविक भएको नेताहरु बताउँछन् ।

> प्रमुख सत्ता घटक कांग्रेसको महासमिति बैठकमा भएको छलफल र त्यसक्रममा व्यक्त कांग्रेस नेताहरुको विचार माओवादीको स्थायी समितिको बैठकमा अघोषित रुपमै मुख्य एजेण्डा बन्न पुगेको हो । दीर्घकालीन सम्बन्धको विषय भएकाले यो स्वभाविक भएको नेताहरु बताउँछन् ।

कांग्रेसको बैठकमा महामन्त्री गगन थापाले आगामी चुनावमा कुनै पनि दलसँग गठबन्धन नगर्ने संकल्प प्रस्तुत गरेका थिए । यो विषयलाई लिएर त्यतिबेलै कांग्रेस सभापति शेरबहादुर देउवाले माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर आश्वास्त पारेका थिए । तथापि, दुई सत्तारुढ दलबीचको अविश्वास हटेको छैन । अविश्वास नेताहरुमा रहेकाले अर्को पार्टीको महासमिति बैठकको छलफलले माओवादीको स्थायी समितिको बैठकमा औपचारिकता पाएको हो ।

यसका साथै, माओवादी नेताहरुले कांग्रेससँगको सम्बन्धको विषयमा समेत पुनरावलोकन गर्नुपर्ने बताएका छन् । ११ माघमा सम्पन्न राष्ट्रिय सभाको निर्वाचनमा कोशी प्रदेशमा कांग्रेसका उम्मेदवार कृष्ण सिटौला विजयी हुँदा माओवादीका उम्मेदवार चम्पा कार्की पराजित भएकी थिइन् । यो विषयलाई लिएर दुई पार्टीबीच अविश्वासको वातावरण सिर्जना भएको नेताहरु बताउँछन् । यही बेला माओवादीसँगको सहकार्यको विषयलाई लिएर कांग्रेस महासमितिको बैठकमै ब्यापक छलफल भएपछि दुबै पार्टीका नेताहरु झस्किएका छन् ।

कांग्रेससँगको सहकार्यमै अविश्वास गरेर माओवादी नेताहरुले राष्ट्रिय सभाको अध्यक्षमा आफ्नो दाबी दह्रोसित राख्ने बताएको छ । चुनावअगाडि कांग्रेसका कृष्ण सिटौलालाई अध्यक्ष बनाउन तयार भएको माआवादी चुनावपछाडि आफैं अध्यक्षको दाबेदार भएको छ ।

माओवादी केन्द्रका महासचिव देव गुरुङ आफूहरु अध्यक्षको उम्मेदवारसहित सहमतिको पर्यासमा रहेको बताउँछन् । »» पृष्ठ २ मा

# हतारमा बिहे, पछि पछुतो

**निस्ता कार्की / मध्यान्ह**
कालीकोट, १५ फागुन ।



बालविवाहविरुद्ध आवाज उठाउने सामाजिक अभियान्ताहरु ।

उमेर परिपक्क नहुँदै विवाह गरेकैले अहिले पछुताउनु परेको रास्कोट-२ का प्रेमराज सिमखाडा बताउँछन् । '१९ बर्षको उमेरमा आफुले विवाह गरेको हुँ, तर अझै गाउँमा कम उमेरमा विवाह गरेर पछि पछुत्ताउने जोडीहरु धेरै छन्', उनी भन्छन् ।

उनी जस्ता थुप्रै उदाहरण कालीकोटमा प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बताए । प्रजिअ नेपाली साथीको लहलहैमा अथवा आफन्तको दवावमा हुने विवाहलाई रोकथाम गर्न प्रहरी र सरोकारवाला लागिपरेको पनि बताउँछन् ।

बालविवाह गर्नेलाई त ३० हजार जरिवाना, तीन बर्ष जेल सजाय हुने कानुनमा उल्लेख छ । रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र नरहरीनाथ गाउँपालिकामा सादा नेपालले बालबालिकाको क्षेत्रमा काम गर्दै आएको छ ।

बालविवाह, छिटो विवाह र जवजस्ती गरिने विवाहलाइ न्यूनिकरण तथा रोकथाम गर्न प्रहरी र सरोकारवाला निकायको अझै ध्यान नपुगेको खाँडाचक्र नगरपालिका महिला शाखा प्रमुख रिता पाण्डेले बताइन् ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी निरीक्षक तथा सूचना अधिकारी पोषण थापाले गाउँमा परिपक्क नहुँदै विहे गरेमा प्रहरीलाई »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# जापानले १४ क्षेत्रमा नेपाली कामदार लिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जापानको रोजगारीका सन्दर्भमा लामो समयदेखि उठाइएको माग पूरा भएको बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले जापानसँग सन् २०१९ को मार्चमा गरेको मेमोरेण्डम अफ कोअपरेशन अन्तर्गत गत माघ २५ गते स्वीकृत गरेको जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० श्रम मन्त्रालयले आइतबार सार्वजनिक गरेपछि संघको उक्त भनाइ आएको हो ।

सार्वजनिक कार्यविधि अनुसार स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) प्रणाली अन्तर्गत नेपाली म्यानपावर कम्पनीहरुले रोजगारदाताहरुबाट सेवा शुल्क लिएर निःशुल्करुपमा कामदार पठाउनुपर्ने व्यवस्था छ ।

संघले जापानमा सीपयुक्त श्रमिक पठाउन म्यानपावर कम्पनीलाई अनुमति दिन संघले लामो समयदेखि माग गरेको भन्दै निजी क्षेत्रले काम गर्न पाउने गरी सरकार सहजकर्ता भएर व्यवसायीहरुले व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित हुनु स्वागतयोग्य कदम भएको बताएको छ । संघका महासचिव मेघनाथ भुर्तेलले एक विज्ञप्ति जारी गर्दै निजी क्षेत्रका व्यवसायीहरुले व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गरेकोमा मन्त्रालयप्रति आभार प्रकट गरेका छन् ।

जापानले नेपालबाट कृषि, होटल, उद्योग, सुरक्षा, नर्सिङ सेवा, सवारीसाधन मर्मत र सम्भार, निर्माण उद्योगसहित १४ विभिन्न क्षेत्रमा श्रमिक लैजाने बताएको छ ।

## इजरायलका लागि पनि हट्यो 'जीटुजी'

**काठमाडौं / मस–** सरकारी स्तर अर्थात 'जीटुजी'मार्फत इजरायलमा नेपाली कामदार पठाउनुपर्ने बाध्यता हटेको छ । इजरायलमा म्यानपावर कम्पनीमार्फत कृषि कामदार जाने क्रम शुरू भएसँगै उक्त बाध्यता तोडिएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको अनुमतिपछि काठमाडौं इन्टरनेशनल इन्कर्पोरेट प्रा.लि.ले इजरायलको ब्लु शिर्ट इन्टरप्राइजेज कम्पनीका लागि २ सय पुरूषलाई कृषि कामदारमा पठाउन वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिएको छ । उक्त कम्पनीका अनुसार नेपालबाट जाने कृषि कामदारले मासिक न्यूनतम २ लाख ८ सय ९० रूपैयाँ तलब पाउनेछन् ।

इजरायलले २ वर्षका लागि नेपाली कामदार लैजाने सार्वजनिक गरेको छ । कृषि कार्यका लागि इजरायल जाने कामदारले नेपालमा हुने प्रि मेडिकल, म्यादी जीवन बीमालगायतका खर्च आफैंले व्यहोर्नुपर्ने प्रावधान छ ।

इजरायल सरकारले युद्धका कारण आप्रवासी कामदार फिर्ता भएपछि त्यहाँको निजी क्षेत्रलाई ९० दिनभित्र विदेशी »» पृष्ठ २ मा

**Free Visa, Free Ticket सहित साउदीमा रोजगार**

कम्पनी : EFSIM FACILITY MANAGEMENT COMPANY | शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/११/१५ | चलानी नं.: ६०२१५५८५ | LT. No.: 300720

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Packaging And Wrapping Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २३ गते (6 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1035/072/073

**Lulu International Pvt. Ltd.**
Kathmandu-26, Samakhusi, Tel: 4970151 | 4951637
Mob. : 9851083549 | 9802355990 | 9818065184



# मिर्चैया नगरपालिकामा भइरहेको बेथिति र भ्रष्टाचारप्रति कांग्रेसको आपत्ति

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १५ फागुन

सिरहाको मिर्चैया नगरपालिकामा भइरहेको बेथिति र भ्रष्टाचार लगायत नेता कार्यकर्ताहरुमाथि लगाइको मुद्दा झुठो भएको भन्दै नेपाली कांग्रेसले आपत्ति जनाएको छ।

नेपाली कांग्रेसका सिरहा क्षेत्र नं.४ प्रदेश (क) का सभापति दिपेन्द्र यादव धनेश्वर, नगर सभापति रमेश न्यौपाने लगायतका समुहले नेपाली कांग्रेसका सभापित तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष पुगेर सो विषयमा जानकारी समेत गराएको छ।



नेपाली कांग्रेसका यूवा नेता तथा नेपाली कांग्रेसका सिराहा क्षेत्र नं.४ प्रदेश (क) का सभापति दिपेन्द्र यादव धनेश्वरले भ्रष्टाचार, बेथिति, पक्षपातकोविरुद्ध र जनताको हितका लागि सिरहा जिल्लाको मिर्चैया नगरपालिकामा नेपाली कांग्रेस लगायत विभिन्न राजनीतिक दल र सर्वसाधारण व्यक्तिहरुद्वारा २०८० माघ २८ गते गरिएको शान्तिपूर्ण संयुक्त आन्दोलनका क्रममा मिर्चैया नगरपालिकाका नगर प्रमुख श्रवण यादवको ठाडो निर्देशनमा प्रहरी प्रशासनले बल प्रयोग गरी आन्दोलनकारीहरुलाई धरपकड गरेको घटनाको घोर निन्दा र भर्त्सना भएको जनाएका छन्।

उक्त विषयलाई लिएर राजनीतिक पूर्वाग्रह राखेर स्थानीय नेताहरु दिपेन्द्र यादव धनेश्वर, रमेश न्यौपाने, नेवि संघका केन्द्रीय सदस्य जिवछ यादव लगायत २४ जनाकाविरुद्ध मुद्दा दर्ता गरिएको छ। राजनीतिक प्रतिशोधपूर्ण झुठा मुद्दा अविलम्ब फिर्ता लिन नेपाली कांग्रेसले सरकारसँग जोडदार माग गरेको छ।

त्यस्तै नगर प्रमुख श्रवण यादवबारे उच्च स्तरिय निष्पक्ष छानविन हुनुपर्ने उनीहरुको माग छ।

प्रहरी प्रशासनलाई समेत मेयर यादवले सत्ता र शक्तिको आडमा चरम दुरुपयोग गरिरहेको भन्दै उनीहरूले सरकारलाई यसप्रति चासो लिन उनीहरूले आग्रह गरेका छन्। यो घटनाको छानबिन गरी सुल्झाउनुपर्ने र मेयर यादवलाई व्यवस्था विरोधी हर्कत गरेकोले दण्डित गरिनुपर्ने उनीहरूले माग छ।

# गेरुवा खेलग्राममा पालिकास्तरीय कृषि मेला शुरु हुँदै

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १५ फागुन



'समृद्ध गेरुवा गाउँपालिकाको आधार, कृषि, पर्यटन र पूर्वाधार' भन्ने नाराका साथ गेरुवा गाउँपालिकाको वडा नं.४ नवज्योति बजारस्थित गेरुवा खेलग्राममा बुधबारदेखि पालिकास्तरीय कृषि मेला प्रदर्शनी २०८० सञ्चालन हुने भएको छ।

निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउँदै कृषकलाई कृषि पेशाप्रति प्रोत्साहित गर्न गाउँपालिकाका विभिन्न ठाउँमा उत्पादन भएका कृषि उपजको प्रचार-प्रसार एवं प्रतिष्पर्धा गराउँदै उत्कृष्ठ कृषि उपज उत्पादन गर्ने कृषकलाई पुरस्कृत तथा थप प्रोत्साहित गर्नका लागि कृषि मेला प्रदर्शनी आयोजना गर्न लागिएको गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नर बहादुर चन्दले बताए।

गेरुवा गाउँपालिका, गाउँपालिका स्तरिय कृषक समन्वय समिति र गेरुवा गाउँपालिका अन्तर्गतका गठित कृषक समुहको संयुक्त आयोजनामा कृषि मेला प्रदर्शनीको आयोजना गर्न लागिएको हो।

कृषि मेला प्रदर्शनीमा विभिन्न प्रजातिका खाद्यबाली समूह, फलफुल समूह, तरकारी समूह, सागपात समूह, दलहन तथा तेलहन समूह, आलु समूह, मसला समूह, माछा, मौरी, लगायतको कृषि स्टल राखिने कृषि उपशाखा प्रमुख भाष्कर सिंह ठकुरीले बताए।

कृषि मेला प्रदर्शनीमा राखिएका विभिन्न बालीमा मुल्यांकन गरी मुल्याकंनका आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने किसानका कृषि उपज वस्तुहरुलाई नगद पुस्कार तथा प्रमाण पत्र समेत वितरण गरिने आयोजकले जनाएको छ।

त्यस्तै गेरुवा गाउँपालिकामा गठित कृषक समुहहरुद्वारा प्रस्तुत गरिएको झाँकी र मेला अवधिभर प्रस्तुत गरिने कृषि सन्देशमुलक सांस्कृतिक कार्यक्रमहरुमा उत्कृष्ठलाई पनि पुरस्कृत गरिने जनाइएको छ। कृषि मेला प्रदर्शनी ३ दिन अर्थात् फागुन १८ गते शुक्रबारसम्म चल्नेछ।

# रुसी सेनामा भएका नेपालीलाई फर्काउन रुसी सरकारसँग छलफल जारी

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री एनपी साउदले रुसी सेनामा भर्ना भएका नेपाली नागरिकलाई स्वदेश फर्काउन रुसी सरकारसँग छलफल भइरहेको जानकारी दिएका छन्। कन्सुलर विभागमा रुसी सेनामा भर्ना भइ मृत्यु तथा सम्पर्कविहीन भएका २४४ जनाका परिवारले उद्धार तथा सम्पर्कका लागि निवदेन दिएका छन्।

अवैधानिकरुपमा रुसी सेनामा भर्ना भएका युवाहरुका आफन्तसँग मंगलबार परराष्ट्र मन्त्रालयमा भएको छलफलमा परराष्ट्रमन्त्री साउदले रुसी सेनामा कार्यरत र मृतकहरुका शव फिर्ता दुवै बिषयमा छलफल भइरहेको जानकारी दिए।

जुनसुकै प्रक्रियाबाट गएका भएपनि आफ्ना नागरिकप्रति सरकार सधैं जिम्मेवार हुने भन्दै मन्त्री साउदले रुसी सेनामा भर्ना भएकाहरुको सकुशल फिर्ती, घाइतेहरुको उपचार तथा मृतकको शव ल्याउन सरकार हरसम्भव प्रयासरत रहेको बताए। हालसम्म रुसी सेनमा भर्ती भएका १२ नेपालीको मृत्यु भएको सार्वजनिक भएको छ।

**बैठक...**
माओवादी राष्ट्रिय सभामा सबैभन्दा ठूलो दल भएको कारणले पनि अध्यक्षमा दाबेदारी स्वभाविक रहेको उनको उनको भनाइ छ। साथै, आलोपालो प्रधानमन्त्रीमा माओवादीले प्रधानमन्त्री छाड्दा संवैधानिक परिषदमा माओवादीको उपस्थिति नहुने भएकाले पनि राष्ट्रिय सभाको अध्यक्षमा बटमलाइन रहने नेताहरु बताउँछन्। संवैधानिक परिषदमा प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रधान न्यायाधीश, उप सभामुख र विपक्षी दलको नेता सदस्य हुन्छन्।

**हतारमा...**
जानकारी दिने कालीकोटमा चलन नभएको बताए। तर बिस्तारै बालविवाह रोक्ने अभियान भने सक्रिय बनेको छ। यो बर्ष मात्रै बालविवाहका मुद्दा ४ वटा मात्र दर्ता भएका छन्। बालविवाहको अबस्था पहिले भन्दा घट्दो अबस्थामा छ। सन २०२० मा ६७ प्रतिशत, सन २०२१ मा ६६ प्रतिशत, २०२२ मा ५० प्रतिशत २०२३ मा ४० प्रतिशतमा झरेको सादा नेपालका परीयोजना संयोजक दलसिंह कुमालले बताए। नेपाल पत्रकार महासंघ कालीकोटका अध्यक्ष भरतराज बिष्टले बालविवाह गर्नु भनेको सामाजिक रुपमा अपराध गर्नु भएको बताए। सानै उमेरमा हुने बिवाहले अपराध समेत निम्ताउने भएकाले कानुनले यस्तो बिवाहलाई अपराध घोषित गरेको बताए। सवै सरोकारवालाहरु बालबिवाहबिरुद्धको अभियानमा एक भएर लाग्नुपर्छ। सामाजिक सञ्जालको दुरुपयोगका कारण दिनहु बालबालिका बिग्रदै गएकाले उनका अभिभावकहरुले बिशेष ध्यान दिनु पर्ने भन्दै यदि गाउमा कसैले बालविवाह, छिटो विवाह र जवजस्ती विवाह गरेको थाँहा पाएको खण्डमा प्रहरीलाई तत्काल जानकारी दिनुपर्छ।

**इजरायलका...**
कामदार ल्याउन सहुलियत दिएपछि नेपाली म्यानपावर कम्पनीहरूले नीजी क्षेत्रबाट कामदार पठाउन पाउनुपर्ने माग जोडतोडले उठाएका थिए। इजरायलको कृषि क्षेत्रमा विदेशी कामदार ल्याउन निजी क्षेत्रलाई अनुमति दिने निर्णयपछि भारत, श्रीलंका, थाइल्यान्ड र भियतनामले इजरायलमा कामदार पठाइरहेका छन्।

नेपालमा पनि काठमाडौ ईण्टरनेशनल इन्कर्पोरेटले सरकारलेमात्र इजरायल कामदार पठाउन पाउने प्रावधान तोड्न सफल भएको छ।


## Mangalsen Municipality
## Office Of Municipal Executive
Mangalsen, Achham

### Invitation for Online Sealed Quotation

**Date of Publication: 2080/11/16**

Office of Mangalsen Municipality, Achham invites for procurement and supply of Medicines (goods) for 15 days Online Sealed Quotation among Nepalese eligible bidders.

Bidders may deposit the cost of Bidding Document and Bid Security in the following account:

i. Name of the Bank : Rastriya Banijya Bank Ltd.
ii. Name of Office :Mangalsen Municipality, Achham
iii. Office Code no :201280517
iv. Office Account No :4260100303000003
v. Rajaswa (revenue) Shirshak No :4260100301010003

| S. N. | Contract ID | Description of works | Estimated Cost in NRs. (Excluding VAT and Contingency) | Bid Security in NRs. | Bid Fee in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | MM/ACH/NCB/ GOODS-02/2080-081 **Deadline for Bid Submission:** 2080/12/04 at 12:00 Hrs. **Bid Opening Date:** 2080/12/04 at 13:00 Hrs. | Procurement and Supply of Medicines for Health Institutions of Office of Mangalsen Municipality, Achham | 24,99,929.96 | 70,700.00 | 1000.00 | E-Bid Only |

Further information may be obtained by visiting PPMO's e-GP i.e www.bopatra.gov.np/egp.

**Chief Administrative Officer**



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल, भोजपुर
कोशी प्रदेश, भोजपुर, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०८०/११/१६ गते**
**सूचना नं. ०४/०८०-०८१**

यस जिल्ला अस्पताल भोजपुरमा उपचारार्थ भर्ना भई बेडमा बस्ने बिरामीहरुको सिदाको लागि आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८० साल चैत्र १ गतेदेखि २०८१ साल पौष मसान्तसम्मको रासन बन्दोवस्त गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रमा काम गर्न ईजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निवेदन पेश गरी खरिद गर्न सवैको जानकारीको लागी यो १५ दिने सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित गरिएको छ। निवेदन साथ नेपाली नागरिताको प्रतिलिपि, फर्म, संस्था वा कम्पनीको नबिकरण गरिएको दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाण पत्र, आयकर प्रमाण पत्र वा स्थायी लेखा नं, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्व घोषणा पत्र र आ.व.०७९/०८० को कर-चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न राख्नुपर्नेछ।

**सिलबन्दी दरभाउपत्र फारम पाईने स्थान** : यस कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय, भोजपुर।
**दरभाउपत्र फारम दस्तुर** :- रु.१०००।-
**स्वीकृत लागत अनुमान** :-
**दरभाउपत्र जमानत** :- लागत अनुमानको २.५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक भोजपुरमा रहेको धरौटी खाता न. २०४०१००२०२०३०००० खातामा नगद जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरि जारी भएको बैंक जमानत सिलबन्दी दरभाउपत्रसाथ पेस गर्नुपर्ने।
**सिलबन्दी दरभाउपत्र पठाउने तरिका** :- दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधि आँफै उपस्थित भएर वा हुलाक मार्फत
**सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने कार्यालय** :- जिल्ला अस्पताल भोजपुर।
**सिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्ने अन्तिम मिति र समय** :- २०८०/११/३० गतेसम्म कार्यालय समयभित्र (सार्वजनीक बिदा परे सो को भोलीपल्ट)
**दाखिला गर्नुपर्ने अन्तिम मिति र समय** :-२०८०/१२/०१ गते बिहान १२:०० बजेसम्म (सार्वजनीक बिदा परे सो को भोलीपल्ट)
**सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान** :-२०८०/१२/०१ गते बिहान २:०० बजे जिल्ला अस्पताल भोजपुरमा (दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुलाई पनि सहभागि हुन सूचित गरिन्छ।)
**पूनश्चः**- दरभाउपत्र फारम खरिद गर्न फारम दस्तुर प्रदेश लेखा ईकाई कार्यालय (STSA) भोजपुरको राष्ट्रिय बाणिज्य बैंक **कार्यालय कोड नं**. ३७००२०७०११, **कार्यालयको नाम**- जिल्ला अस्पताल, भोजपुर, **राजस्व शिर्षक नं**. १४२२९ मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।



## युएई र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **CLEANCO CLEANING SERVICES CO LLC** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८०/०८/१५ — चलानी नं.: ६०२१०८४० — LT. No.: 295744 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 141 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/cleaner supervisor/messenger | 0 | 37 | | 900 | ३२,६२५ | | | | | | | |

कम्पनी: **SHRISTI CONTRACTING AND HOSPITALITY** — शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ — चलानी नं.: ६०२०५९७९ — LT. No.: 290749 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1000 | ३६,२९० | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३६,२९० | | | | | | | |
| 4. | Plaster Worker | 5 | 0 | | 1200 | ४३,५४८ | | | | | | | |
| 5. | Representative | 0 | 1 | | 2200 | ७९,८३८ | | | | | | | |
| 6. | Secretary | 0 | 1 | | 2100 | ७६,२०९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २३ गते (6 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## पलाता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पलाता, कालिकोट
कर्णाली प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मितिः- २०८०/११/१६**

यस पलाता गाउँपालिका अन्तर्गत आ.व. २०८०/०८१ का लागि प्रदेश सरकारको समपुरक सामानिकरण र गाउँपालिका सामानिकरण अनुदान बजेटबाट औषधी खरिदका लागि मिति २०८०/१०/०८ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तल उल्लेखित सिल कोटेशनका लागि रित पूर्वक दर्ताहुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि पेश भएकाले सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन २०७३ दफा २७ को उपदफा २ प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ।

| खरिद न. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|
| PRM/KKT/SM/SQ /01/2080-081 | Supply of Medicines up to Palata Rural Municipality | आर डी मेडी सर्ज | १०६०८४०।९४ |

**प्रमुख प्रशासकीय अधिकृत**

# आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन : मन्त्री श्रीपाली

**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, १५ फागुन



संस्कृति पर्यटन तथा नागरिक उड्यन राज्य मन्त्री सुशीला श्रीपालीले आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन क्षेत्रको विकास भएको बताएकी छन् ।

सन्धिखर्क नगरपालिका वडा नं. ९ मसुरपाटामा निर्माण हुन लागेको शहीद स्मृति पार्कको शिल्यान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपालमा पर्यटन उद्योगको बलियो सम्भावना रहेकोले यसको विकासमा सबै एकजुट भएर लाग्नुपर्ने बताइन् ।

नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक पर्यटनको हिसाबले धेरै अगाडि रहेको भएपनि पर्यटनको क्षेत्रमा उल्लेखनीय काम हुन नसकेकोले अब सरकारले यसलाई पर्यटन हवको रुपमा विकास गर्ने लक्ष्य लिएको उनले बताइन् ।

श्रीपालीले थोरै लगानी गरेर पनि पर्यटनबाट मनग्य आम्दानी गर्न सकिने बताइन् । अर्घाखाँचीमा त्यसको प्रचुर सम्भावना भएको उनको दाबी छ ।

सुपादेउराली, पाणिनि तपोभूमि पणेना, अर्घा भगवती मन्दिर लगायतका १ दर्जन भन्दा बढी  धार्मिक तथा पर्यटकीय ठाउँहरु अर्घाखाँचीमा आकर्षक पर्यटकीय गन्तव्य भएको उनको दाबी छ ।

नेकपा माओवादीकी केन्द्रीय सदस्य समेत रहेकी राज्य मन्त्री श्रीपालीले प्रचण्ड नेतृत्वको वर्तमान सरकारले छोटो समयमा दुरगामी महत्वका धेरै काम गरेको, भष्टाचारका फाइल हरु खोल्दा सबै जनता खुसी भएको बताइन् ।

उनले जिल्लाको विकासको निम्ति सबै पक्ष एकजुट भएर अगाडि बढ्नु पर्नेमा जोड दिँदै विकासमा सबै लागेर अर्घाखाँची जिल्लालाई नमुना जिल्ला बनाउनका लागि अगाडि बढ्नुपर्ने बताइन् । यस्तै उनले आफ्नो पहलमा अर्घाखाँचीमा ठूलाठूला विकास निर्माणका कामहरु भएको तर प्रचारप्रसारमा नआएको गुनासो गरिन् । कार्यक्रममा नेकपा माओवादीका केन्द्रीय सदस्य ठाकुर कुमार वि.क, वडा नम्बर ९ का अध्यक्ष पदम बहादुर भुसाल, वडा नम्बर १० का अध्यक्ष मोहन सिंह ठकुरी लगायतको उपस्थिति रहेको थियो ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

**PRO (Public Relation Officer) - 3 Male/Female**

SALARY Negotiable

Requirements:
Minimum 3 Years of Experience in Manpower Field of Saudi Arabia .

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV at gaurav@workforce.com.np*

श्रम इजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913.
Mobile: 9802010315. Website: www.workforce.com.np

# उपसहायक विदेशमन्त्री नेपालमा



**काठमाडौं/मस-** नेपाल, श्रीलंका, बंगलादेश, भूटान र माल्दिभ्सका लागि दक्षिण तथा मध्य एसियाली मामिला ब्यूरो प्रमुख तथा संयुक्त राज्य अमेरिकाको उपसहायक विदेशमन्त्री अफरिन अख्तर नेपाल भ्रमणमा आएकी छन् ।

नेपाल भ्रमणका क्रममा उपसहायक विदेशमन्त्री अख्तर नेपाली उच्च सरकारी अधिकारी, नागरिक समाजका प्रतिनिधि र अमेरिकन चेम्बर्स अफ कमर्स नेपालका सदस्यहरूसँग भेट्ने कार्यक्रम रहेको नेपालस्थित अमेरिकी दूतावासले जनाएको छ । मन्त्री अख्तरले अमेरिका र नेपालबीचको द्विपक्षीय सम्बन्धबाट  नेपालको शिक्षा र स्वास्थ्य, मानवअधिकार, लोकतन्त्रको विकास तथा नेपालको पारस्परिक आर्थिक समृद्धिलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा गर्ने दूतावासले जनाएको छ ।

**प्रदेश सरकार**
**खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय**
## जलश्रोत तथा सिंचाइ विकास डिभिजन
**कोशी प्रदेश, ओखलढुंगा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८०/११/१६**

यस कार्यालयको मिति २०८०/०९/२० गते  बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | WRIDD-OKHL/ PKMGDIP/NCB-02/2080-81 | Patale Khola Muhan Gari Devitar Irrigation Project, Champadevi Rural Municipality 07 | D.Rachana Ranjan Nirman Sewa Tatha Suppliers Pvt. Ltd Madhyapur thimi Municipality Ward No. 9, Bhaktapur Nepal | 6,934,247.22 |
| 2 | WRIDD-OKHL/ SKOMIP/NCB-01/2080-081 | Supare Khola Okhreni Mishragaun Irrigation Project, Champadevi RuralMunicipality 09 | Halesi Nirmasn Sewa  Kathmandu 10 Baneshwar, Nepal | 11,641,451.14 |
| 3 | WRIDD-OKHL/ SeleIP/NCB-03/2080-81 | Selele Khola Irrigation Project, Khijidemba Rural Municipality 02 | D.Rachana Ranjan Nirman Sewa Tatha Suppliers PVT.LTD. Madhyapur thimi Municipality 9 Bhaktapur, Nepal | 93,27,739.28 |

**कार्यालय प्रमुख**

**Invitation for Bids**

## Hima Rural Municipality
## Office of the Rural Municipality Executive
**Kalikakhetu, Jumla**

**Invitation for Bids No.: HRM/NCB/W/BLDG/2080/81/02**
**Date of publication: 28-02-2024 10:00**

1. Hima Rural Municipality, Jumla invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of kalika ma.vi Badkiko 4 kothe bhawan nirman hima-1 badki under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 42,78,327.13 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Hima Rural Municipality, Jumla, Karnali Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO’s Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nepal Investment Mega Bank Ltd.**
   **Name of Office : Hima Rural Municipality, Jumla**
   **Office Code no : 80662507300**
   **Office Account no : 07401400250030**
   **Rajaswa (revenue) Shirshak no.:**
4. Pre-bid meeting shall be held at Hima Rural Municipality, Jumla, Karnali Province, Nepal at 18-03-2024 12:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Hima Rural Municipality, Jumla, Karnali Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 31-03-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 31-03-2024 13:00 at the office of Hima Rural Municipality, Jumla, Karnali Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 125000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय कटारी, उदयपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/११/१६ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कटारी, उदयपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य बिभाग, घरेलु तथा साना उद्योग विकास समिति कार्यालय उदयपुरमा मिति २०७०/०६/०६ मा प्रा.फ.र.नं. १०८७/०७०/०७१ कायम भई दर्ता रहेको उदयपुर जिल्ला, कटारी गा.बि.स./न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **सनि सप्लायर्स ।** **प्रोप्राईटर - भोगेन्द्र दास** | १. **भोगेन्द्र दास**को नाममा मालपोत कार्यालय, कटारी-उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, कटारी गा.बि.स. वडा नं. ०१/क स्थित कित्ता नं. २१३७ र १४१७ को क्षे.फ. क्रमश: ०-०-२-० र ०-०-४-० -वि.क.धु) को जग्गा र सोमा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. ऋणी **सनि सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

धनि कुमारी बैक लि. (साबिक एन.सी.सी. बैक लि.) र ऋणी **सनि सप्लायर्स** कायम भएको तपसिलको सवारी साधन:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| प्र.२-०१००१ क ००८१ | MAT505555K8R09347 | 4SPCR11DPY617905 | LCV TRUTIP | नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंज |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **भोगेन्द्र दास**
ना.प्र.नं.- ७२९६
जारी मिति - २०५५/०५/२९, जि.प्र.का. सप्तरी
बाबु - दुली चन दास
बाजे - वदकिसुन दास
स्थायी ठेगाना- राजविराज गा.प.  वडा नं. ०२, सप्तरी
हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर

२. **नितिस कुमार दास**
ना.प्र.नं.- १४-०२-७६-००९१०
जारी मिति - २०७६/०५/०९, ई.प्र.का. कटारी, उयदपुर
बाबु - भोगेन्द्र दास
बाजे - दुली चन दास
स्थायी ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर
हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर

३. **अनसुईया कुमारी**
ना.प्र.नं.- १८३००१/६९४,
जारी मिति - २०६३/१०/१५, जि.प्र.का. महोत्तरी
बाबु - निर्गुन दास कथवनिया
बाजे - पुल्कित दास कथवनिया
स्थायी ठेगाना- जलेश्वर न.पा.  वडा नं. १०, महोत्तरी
हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय कटारी, उदयपुर फोन नं.०३५-४५०५५९/४५८**

मध्यान्ह
www.madhyanhadaily.com
१६ फागुन २०८०, बुधबार
28 February 2024, Wednesday

## सम्पादकीय

### कमजोर मनोविज्ञानको उपज

लघवित्त पीडितहरूले सोमबार संसद् भवनको सुरक्षा नियम तोडेर प्रदर्शन गरेपछि सरकारले उनीहरूसँग वार्ताको बातावरण बनाउने अपेक्षा गरिएको थियो । सोमबार साँझ गृहमन्त्री नारायणकाजी श्रेष्ठले आकस्मिक बैठक राखेकाले वार्ताकै बातावरण बनाउने आशा समेत गरिएको थियो । तर मंगलबार त्यस अपेक्षा बिपरीत सिंहदरबार, संसद् भवन, राष्ट्रपति र प्रधानमन्त्रीको कार्यालय परिसरमा डोरी टाँगियो । सधैं नागरिकले हिडिरहेको उक्त क्षेत्रको फुटपाथ निषेध गरियो । डोरी टाँगेर उभिएका सुरक्षाकर्मीले फुटपाथ प्रयोग गर्न दिएन । अर्थात् तीन महिनादेखि राजधानी उपत्यकामा रहेको निषेधाज्ञालाई थप कडाइ गरियो । सुरक्षा अधिकारीहरूका अनुसार, गृहमन्त्री श्रेष्ठकै निर्देशन बमोजिम यस्तो निर्णय लिइएको हो । गृहमन्त्रीको निर्देशनमा स्थानीय प्रशासनले कडाइ गरेको सुरक्षा प्रबन्धको असर आमनागरिकले खेप्नु परेको छ ।

तर राजधानी उपत्यकामा बढाउदै लगिएको सुरक्षा कडाइ मंगलबार नागरिकले सास्ती पाएको विषयमा मात्रै सीमित छैन । यो लोकतन्त्रकै बर्खिलाप हो । किनकि लोकतन्त्रमा सरकारले सुन्नेगरी हरेक नागरिकले शान्तिपूर्ण तरिकाबाट आफ्नो कुरा राख्न पाउनु संवैधानिक अधिकार हो । संविधानको त्यही अधिकार उपयोग गरी गणतन्त्र स्थापनापछि माइतीघर मण्डलमा न्यायको माग सहित प्रदर्शन/धर्ना चल्ने गरेको थियो । तर गएको मंसिर पहिलो सातादेखि माइतीघर सहित मंगलबार डोरी टाँगिएको ठाउँहरूलाई निषेधित क्षेत्र घोषणा गरिएको छ । सरकारको यस्तो अलोकतान्त्रिक निर्णयलाई प्रतिपक्षी दलहरूले समेत मौन साथ दिदै आएका थिए । तर लघुवित्त पीडितहरूको आक्रोशले निषेधित क्षेत्र मात्रै तोडिएन, संसद् भवनभित्रै प्रदर्शन भयो ।

सरकारी संयन्त्र र सरकार प्रमुखलाई यो दृष्य अराजकता लाग्न सक्छ । सांसद, संसद् सचिवालय र त्यससँग सरोकार राख्नेहरूले समेत अनुमतिपत्र बिना प्रवेश गर्न नपाउने ठाउँसम्म लघुवित्त पीडितहरूले गरेको प्रदर्शन स्वभाविक पनि होइन । तर उनीहरूले लिएको निर्णय र असन्तोषको परिणाम आमनागरिक एवं प्रणालीमाथि थोपर्नु उचित होइन । बरू डोरी टाँगेर फुटपाथ निषेध गर्ने कुराले सत्ताको नेतृत्व गरिरहेकाहरूको कमजोर मनोविज्ञान छताछुल्ल हुन पुगेको छ । सुरक्षा व्यवस्था चुस्त नरहेकाले सबै नागरिकलाई सास्ती हुनेगरी संविधानको प्रतिबन्धात्मक व्यवस्था चलाउनुले सफल सरकारको परिचय दिदैन । त्यसैले अहिलेको सरकार प्रमुखले आफ्ना गल्तीहरू सच्याउन ढिलाइ गर्न हुन्न । किनकि यसरी कमजोर सावित भइसकेको नेतृत्वले मुलुकमा थप अराजकतालाई नै निम्तो दिनेछ ।

# मातृभाषा प्रबर्द्धनको सवाल

अग्रलेख



● गणेशकुमार राई

महात्मा गान्धीले आत्मकथामा मातृभाषाबारे मननीय वाक्यांश उल्लेख गरेका छन् । 'जो हिन्दूस्तानी आमा-बाबु आफ्नो बच्चासँग बाल्यकालदेखि अंग्रेजीमा कुराकानी गर्न थाल्छन्, उनीहरू आफ्नो राष्ट्रको द्रोह गर्छन्', उनले भनेका छन् । यसले बालक आफ्नो देशको धार्मिक र सामाजिक बिरासतबाट बञ्चित रहन्छ । त्यत्तिकै अंशमा देशको र विश्वको सेवा गर्नका निम्ति कर्मयोग्य बन्छ । मातृभाषाको सामान्य ज्ञान जो स्वतः उनीहरू पाउँछन्, त्यसले उनीहरूको र राष्ट्रको फाइदा नै पुगेको हुन्छ र आज उनीहरू परदेशीजस्तो भएका छैनन् ।

गान्धीको अभिव्यक्ति उन्नाइसौं शताब्दीको हो । भारतबाट अंग्रेजको साम्राज्य हट्यो । तर पनि अंग्रेजी भाषाको विस्तार दक्षिण एसियामात्र होइन, विश्व समुदायलाई गाँज्दै लगेको अवस्था छ । २१औं शताब्दीसम्म आइपुग्दा विश्वको करिब सात हजार मातृभाषाको संख्या दिनानुदिन घट्दो अवस्थामा रहेको छ । हाम्रोजस्तो बहुभाषिक समाजलाई दिन दुई गुना रात चौगुना भने जसरी विदेशी भाषाले थिचिरहेको अवस्था छ । एक दिन कविता वाचन गराएरमात्र मातृभाषाको विकास हुन सक्दैन । तीनै तहको सरकारले मुलुकभित्र बोलिने मातृभाषालाई संविधान अनुकूलको व्यवहार गर्न जरुरी छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (नेप्रप्र)ले २०१० देखि २०२२ सम्म दुईदिने मातृभाषा कविता महोत्सवको आयोजना गर्दै आयो । नेप्रप्रको तत्कालीन कुलपति बैरागी काइँला नेतृत्वले छुट्टै एकेडेमीमा मातृभाषा साहित्य विभाग गठन गरेर मातृभाषा क्रियाकलापलाई बढावा दियो र दिवसको सन्दर्भमा कविता महोत्सवको आयोजना गर्दै आयो । त्यसपछिको दुई कार्यकाल गंगाप्रसाद उप्रेती कुलपति रहँदासम्म निरन्तरता दियो । नेप्रप्रलगायतका सरकारको कुनै पनि निकायसँग मुलुकको मातृभाषाहरूको संरक्षण, सवर्द्धन र प्रबर्द्धन गर्ने लिखित कार्यतालिका छैन ।

नेप्रप्रले २०१० देखि २०२२ सम्म गर्दै आएको मातृभाषा दिवसमा बाचित कविताको सँगालो प्रकाशन गर्दै आएको थियो । अनुसन्धानमूलक 'मातृभाषाको रूपरेखा' तीन खण्ड र 'मातृभाषा साहित्यको इतिहास' दुई खण्ड प्रकाशित गरिएको थियो । त्यसैगरी 'सयपत्री' अर्धवार्षिक बहुभाषिक पत्रिका, नेवाः भाषाको 'थायभू', लिम्बू भाषाको 'फक्ताङ्लुङ', मैथिली भाषाको 'आङन' पत्रिका प्रकाशन गर्दै आएकामा अहिले ती प्रकाशनलाई निरन्तरता दिइएको छैन । यद्यपि, सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नारा लिएर हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य श्रृंखला आरम्भ गरिएको छ । उक्त श्रृंखलामा एउटा भाषाबारे विमर्श र दुई-तीन भाषामा कविता वाचन गराउँछ । नेप्रप्रले यो वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०२४ धरान उपमहानरपालिकासँग सहकार्यमा धरानमा कविता महोत्सव गर्दैछ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले दिवसको सन्दर्भमा एक मातृभाषी दिग्गजलाई सम्मान, कविता वाचन कार्यक्रम र 'थुँगा' कविता सँगालो प्रकाशन गर्दै आएको छ । यसका अतिरिक्त विभिन्न मातृभाषाका साहित्य, संस्कृति, इतिहासलगायत विविध विषयका पुस्तक प्रकाशन गर्दै आएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यो प्रतिष्ठानले स्थापनाकालदेखि दुई दशकमा अनुसन्धान, साहित्य, इतिहास, संस्कृतिजस्ता सयौं पुस्तक प्रकाशन गर्दै आएको छ । प्रतिष्ठानको उपाध्यक्ष र सदस्यसचिव राजनीतिक पार्टीको सक्रिय कार्यकर्तालाई नियुक्त गर्ने परम्पराले यो निकायले प्राज्ञिक आकार भने लिनसकेको छैन ।

### सरकारी सञ्चारमा मातृभाषा

सरकारी मातहतका सञ्चारमाध्यमले मातृभाषाहरूको संरक्षणमा केही सकारात्मक पहल गर्दै आएका छन् । रेडियो नेपालले २०५१ भदौ १ गतेदेखि विभिन्न मातृभाषामा समाचार प्रसारण गर्दै आएको छ । रेडियो नेपालले अहिले केन्द्र र प्रादेशिक प्रसारणबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम सञ्चालन गरेको छ । केही समयअघि बज्जिका भाषाको समाचार प्रसारण आरम्भ भएको छ भने बैतडेली भाषामा योग्य उम्मेवार नपाउँदा समेट्न नसकिएको बताइएको छ । सोह्रौं पञ्चवर्षीय योजनामा ३० भाषामा समाचार र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।



*महात्मा गान्धीले जसरी अंग्रेजीको प्रभावलाई तोड्न भारतमा मातृभाषाको पक्षमा अभियान चलाए, त्यसैगरी नेपालमा पनि मातृभाषाको पक्षमा अभियान चलाउन आवश्यक छ । तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रष्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरूरी छ ।*

गोरखापत्र संस्थानले २०६५ असोज १ गतेबाट गोरखापत्र दैनिकमा बहुभाषिक 'नयाँ नेपाल' पृष्ठमा आरम्भ गरेको छ । अहिले ४१ वटा मातृभाषाका सामग्री प्रकाशन गरिँदै आएको छ । छ महिनाअघि तीन भाषा थपिएर ४१ भाषाका सामग्री प्रकाशन हुँदै आएको छ । एउटा भाषाले महिनामा एकपटक र एक महिना बिराएर दुईपटक छापिने गरेको छ । मुलुकमा बोलिने भाषाहरू लेखनमा देवनागरी, रोङ, किरात सिरिजङ्गा, सम्भोटा, तामयिग, रञ्जना (नेवा:लिपि), ओलचिकि, खेमा, मिथिलाक्षर, अक्खा, कोइँच ब्लेसे (सुनुवारलिपि), कैथी, धम, नस्तालिक, ब्रेल, अरबी, रोमन, गुरुमुखी, बाङला लिपि प्रयोग गरेको पाइन्छ । गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरू लिम्बू, तामाङ, उर्दू, मुगाललगायत केही भाषा सम्बन्धित लिपिमा छापिने गरेको पाइन्छ ।

राष्ट्रिय समाचार समिति (रासस) नेपालको एकमात्र समाचार सेवा प्रदायक संस्था हो । नेपाली र अंग्रेजी भाषामा देशभरिका पाँच सयभन्दा बढी पत्रपत्रिका, रेडियो, अनलाइन, टेलिभिजनहरूलाई समाचार सेवा दिँदै आएको राससले यसै वर्षबाट अन्य मातृभाषाको समाचारसमेत सेवा आरम्भ गरेको छ । नेपालगञ्ज नगरपालिकासँगको सहकार्यमा पहिलोपटक अवधी भाषाको समाचार सेवा सुरु गरेको छ । अब काठमाडौं, भक्तपुर र ललितपुर महानगरपालिकासँग सहकार्य गरी नेपाल भाषाको समाचार उत्पादन गर्ने योजना बनेको छ । त्यसैगरी मैथिली, भोजपुरी र तामाङ भाषालाई प्राथमिकता दिन राससले प्रदेश सरकार र स्थानीय तहसँग पहल गरी अघि बढेको छ । यसैगरी नेपाल टेलिभिजनले अहिले सात भाषामा समाचार र १४ वटा भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । भोजपुरी, नेवार, मगर, अवधी भाषामा समाचार थप्ने योजना बनाएको छ ।

### आदिवासी भाषा दशक

संयुक्त राष्ट्रसंघले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक घोषणा गरेको छ । त्यसमा सदस्य राष्ट्र नेपाल सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीकै अध्यक्षतामा मूल समिति गठन गरेको छ । अन्तर्राष्ट्रिय मातृभाषा दिवस एउटा अन्तर्राष्ट्रिय चाडका रूपमा स्थापित भएको छ । सरकारले भाषा आयोगलगायतका अन्य आयोगहरूलाई कार्यक्रमको बजेट उपलब्ध नगराउँदा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मात्र नभई आदिवासी भाषा दशकलाई प्रभावित तुल्याएको छ । राज्यको तर्फबाट दायित्व बहन भएको छैन । युनेस्को नेपाल च्याप्टरले जुन दायित्व बहन गर्नुपर्ने हो, त्यो अहिलेसम्म नगरेकाले पनि समस्या आएको हो ।

नेपालको संविधान, २०७२ ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को संज्ञा दिएको छ । तर, भाषा ऐन निर्माण नहुँदा संघ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी ठोस काम गर्न सकेका छैनन् । यसै वर्ष बागमती प्रदेशले भाषा ऐन जारी गरेपछि नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने प्रक्रिया अघि बढेको छ । भाषा आयोगले दिएको सुझावअनुसार बागमती प्रदेशले मात्र भाषा ऐन जारी गरेको छ । अहिले केही स्थानीय तहले स्थानीय विषयका रूपमा मातृभाषामा पठनपाठन सुरु गरेका छन् ।

राष्ट्रिय जगणना २०७८ अनुसार मुलुकमा एक सय २४ भाषा छन् । भाषा संख्या बढ्नुले मातृभाषाप्रति जागरुकता बढेको आकलन गर्न सकिन्छ तर, अधिकांश भाषाहरू अल्पसंख्यक छन् । कम मानिसले बोल्ने, लेख्य परम्परा छैन । केही भाषा त आफ्नै परिवारभित्र सीमित छन् । समुदायमा पनि प्रयोग हुँदैन । भाषाको प्रयोग भएन भने त्यो भाषा विस्तारै लोप हुँदै जान्छ । मातृभाषालाई जोगाइराख्न सरकारले पनि सहयोग गर्नुपर्छ । स्थानीय विषयका रूपमा पठनपाठन भयो भने मातृभाषा जोगाउन सकिन्छ । त्यसको डिजिटल अभिलेखीकरण हुनुपर्छ । बराम, पुमा, छिन्ताङलगायत अन्य केही भाषाहरूको अन्तर्राष्ट्रिय अर्काइभमा राखिएका छन् । भाषा आयोग, त्रिवि भाषा विज्ञान केन्द्रीय विभाग, प्रज्ञा प्रतिष्ठानले अल्पसंख्यकले बोल्ने भाषालाई लोप हुनुभन्दा पहिले त्यसको अभिलेखीकरणमा ध्यान दिन आवश्यक छ ।

### भाषा दिवस

बङ्गलादेशमा मातृभाषा (बङ्गाली भाषा) बोल्न पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका विद्यार्थी मारिएको दिन सन् १९५२ फेब्रअरी २१ को सम्झनामा यो दिवस मनाइएको हो । युनेस्कोले १९९९ नोभेम्बर १७ मा यस दिनलाई विशेष दिनका रूपमा स्वीकार गर्यो भने सन् २००० मा संयुक्त राष्ट्रसंघले यस दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा घोषणा गर्यो । त्यसयता 'फेब्रुअरी २१' (फागुन ९) लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आएको छ । यो वर्ष सन् २०२४ मा 'बहुभाषिक शिक्षा नै अन्तर पुस्ता सिकाइको जग हो' नारासहित २५औं दिवस मनाइँदैछ ।

नेपालमा सन् २०१० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपाल प्रज्ञा-प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यसको सुरुआत गरेका हुन् । त्यस निम्ति नेपालस्थित बङ्गलादेश दूतावास र युनेस्कोको संलग्नता रहँदै आएका छ । नेपालको संविधान, २०७२ मा भएको व्यवस्थाअनुसार गठित संवैधानिक आयोगहरू आदिवासी जनजाति आयोग, मधेसी आयोगले समेत मातृभाषा दिवसको सन्दर्भमा मातृभाषासम्बन्धी क्रियाकलाप गर्दै आएका छन् ।

अन्त्यमा, महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रष्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरुरी छ ।

**(लेखक, मातृभाषा अभियन्ता हुन् ।)**

## सामाजिक सञ्जाल



**- तुलसी खतिवडा**

संस्कारबिहीन सरकारको संस्कृती मन्त्री, अर्का आफ्नै पार्टीले भरथेग गरेको सांसद भएन सुशासन समितीको अध्यक्ष, अनि यो चिथोराचिथोर चाहिँ जनखपतकै लागि ? यति घिनौना हर्कत गरेर चर्चा बटुल्न जे गर्दा हुन्छ, तर छाइरहनु चाहिँ पर्छ भन्ने दिव्य ज्ञान दिने घण्टीका हनुमानहरुलाई समेत लोप्पा खुवाए !



**- डम्मर खतिवडा**

'घडी लुकाउनु' कायरता मात्रै हैन 'चोरी' नै होला तर, बन्दुक लुकाउनु 'बहादुरी' कहिलेदेखि भएछ ? हाम्रोतिर त बन्दुक गुण्डा, डन, पकेटमार, तस्कर, चोर, डाँका, हत्यारा, शिकारी, बुथकब्जा गर्न बहुवलीले लुकाउछन् त ? ति सबै 'बहादुर' रैछन् ? प्रधानमन्त्री ज्यू । मन्त्री पदमा बसेर यस्तो बोल्न मिल्ने हो ?



**- निर्लम प्रसाइँ**

न्यायमूर्ति 'डिलर' ! व्यवसायी इच्छाराज तामाङको मुद्दा मिलाउन घुस डिल गरेका न्यायाधीश राजकुमार कोइरालालाई सचेत गराएर महोत्तरी सरुवा गरिएको छ । यसअघि बाँसबारी छालाजुत्ता उद्योगको जमिन हडपेका अरुण चौधरीलाई धरौटी दिने न्यायमूर्तिलाई पनि सरुवा गरिएको थियो । न्यायालय 'डिलर' बन्नु दुःखद छ ।



**- खगेन्द्र संग्रौला**

गरे त लघुवित्त पीडितहरूले ! बाहिरबाट न्याय माग्दा भित्रका पद र पैसा, सान र सोखमा लिप्त माननीय, मन्त्री, प्रधानमन्त्री भनिने शासकमण्डलीले नसुनेपछि तिनलाई सुनाउन संसद भवनबाहिरको मूल गेट तोडेर पसेछन् भित्र । अर्को दिन संसद कक्षको ढोका फोरेर भित्र पस्लान् ! जहाँ अन्याय, त्यहाँ विद्रोह !

## तपाईंको राशिफल

मेष : शिक्षासम्बन्धी कार्यमा रूकावट आउनेछ । अनावश्यक खर्च हुनेछ ।

वृष : स्वास्थ्य लाभ तथा पराकममा वृद्धिको योग छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ ।

कर्कट : सन्तुलित आहार लिनुहोला । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभ मिल्नेछ ।

कन्या : नाता-गोतासँग मनमुटाव रहनेछ । हतारमा कुनै निर्णय नलिनु होला ।

तुला : सम्मानमा वृद्धि हुनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।


वृश्चिक : नयाँ कार्यमा सावधानी राख्नुहोला । प्रियजनसँग भेट हुनेछ ।

धनु : स्वास्थ्य राम्रो रहनेछ । सुख समृद्धिमा वृद्धि हुनेछ ।

मकर : पैतृक सम्पत्ति प्राप्तिको योग छ । उत्साह बढ्नेछ ।

कुम्भ : दाम्पत्य जीवन सुखमय रहन्छ । वैदेशिक यात्रा सफल हुनेछ ।

मीन : धेरै लाभको कामना गर्नु हुँदैन । नयाँ योजनाहरू तय हुनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# कम्युनिष्ट पार्टीको विगत र वर्तमान

विचार



● खिमराज गिरी

*दक्षिणपन्थीसँग कुममा कुम मिलाई हिँड्दा स्वयम् कार्यकर्ताहरूलाई पनि खल्लो महसुस त भएकै होला तथापि, २००७ सालदेखि नेपालको राजनीतिक संस्कार र इतिहास यस्तै चल्दै आइरहेको छ । यसको दोष नेता तथा दलहरूको मात्र नभएर जनताको पनि हो । यदि जनताले आत्मसाक्षी राखी यो र उ अर्थात् मेरो र अर्कोको नभनी जनताको हितमा काम गर्ने दल तथा नेता रोजिदिएको भए, आज नेपाली जनताले यो हालतमा बाँच्नुपर्ने बाध्यात्मक स्थितिको सिर्जना हुने थिएन ।*

नेकपा स्थापनाको करिब ७४ वर्षको इतिहासतिर फर्केर हेर्ने हो भने वि.सं.२००६ सालमा नेकपा स्थापनाको दुई वर्ष नबित्दै वि.सं.२००८ सालमा पुष्पलाललाई महासचिवबाट हटाइयो र उनले पार्टीभित्रबाटै संघर्षको बाटो रोजेका थिए । तत्कालीन समयदेखि नै पुष्पलालको गणतान्त्रिक लाइन र मनमोहनको संवैधानिक राजतन्त्रको लाइनले पार्टीमा फुटको बीजारोपण शुरु भएको पाइन्छ । तथापि, एकातिर राणा शासनको भर्खर मात्र अन्त्य भएपनि निरंकुशताको शेष बाँकी नै थियो भने अर्कोतिर राजा महेन्द्रको कुटनीतिको विरुद्धमा जानको लागि केही परिपक्क देखिएको नेपाली कांग्रेस पार्टीभित्र पनि अनेकौं गुटबन्दी र राजनीतिक सिद्धान्तमा मतभेद देखिन्थ्यो ।

